**मालिका गाउँपालिका**

**जिल्ला :म्याग्दी**

**गण्डकी प्रदेश,नेपाल**

# खानेपानी, सरसफाईरस्वच्छता(वास)

# वार्षिक प्रगति प्रतिबेदन २०७४/२०७५



**श्रावण, २०७५**

**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना,**
**दोश्रो चरण**
**बिषय सुची**

**१.**

**गाउँपालिका/नगरपालिकाकोसंक्षिप्तपरिचयरवास)खानेपानी,सरसफाईरस्वच्छता(कोवर्तमानअवस्था१**

**२. गाउँपालिका/नगरपालिकावासइकाईकोस्थापना, श्रोतसाधनरनिरन्तरता .................१**

**३.गाउँपालिका/नगरपालिकाकोवासक्षेत्रअन्तर्गतवार्षिकउपलब्धिहरू**...................................
........................ २

**४. वासकार्यक्रमकार्यान्वयनकासबलपक्ष, चुनौतीहरुरसुझावहरू........................ ४**

**५. आ.व .२०७४/२०७५वासकार्यक्रमकोवार्षिकआर्थिकविवरण ........................ ५**

## १.मालिका गाउँपालिकाका संक्षिप्त परिचय र वास(खानेपानी, सरसफाई र स्वच्छता)को वर्तमान अवस्था

प्रकृतिको सुन्दर बगैचा नेपाल यसै त स्वर्गभन्दा कम छैन । जहाँ अनुपम सुन्दर भरिपूर्ण सम्पदाहरु, मोतिका दाना झै मुस्कुराउने हिमालहरुले भरीपूर्ण यस मालिका गाउँपालिका मध्ये पश्चिम पहाडमा अवस्थित पुर्वमा मंगला र रधुगंगा गाउँपालिका ,पश्चिममा बाग्लुङ जिल्ला,उत्तरमा धौलागिरी गाउँपालिका ,दक्षिणमा मंगला गाउँपालिका रबाग्लुङ जिल्ला रहेको यस भूपरिवेष्ठीत ८३ डिग्री २५ मिनेट पूर्वी देशान्तर देखि ८३ डिग्री ४१ डिग्री पूर्वी देशान्तर सम्म र २८डिग्री २५ उत्तरी अक्षांश देखि २८ डिग्री ४२ मिनेट उत्तरी अक्षांश सम्म रहेको भुभाग मालिका गाउँपालिका अर्न्तरगत पर्दछ । आफ्नै ऐतिहासिक पहिचान भएको म्याग्दी जिल्लाको मालिका गाउँपालिका संघिय गणतान्त्रिक नेपालको गण्डकी प्रदेश मा रहेको छ ।यस गाउँपालिकाको क्षेत्रफल १४७ बर्ग कि.मि रहेको छ भने १९४५८ जनसंख्या र ७ वटा वडामा बिभाजन गरीएको छ । यस गाउँपालिका भित्र पर्यटकीय संभावनाले भरीपूर्ण रहेका रमणीय स्थानहरु,ताल पोखरी बिभिन्न हिमश्रीङ्खला र तामा,फलाम,ढुगां जस्ता खानीहरु रहेको पाइन्छ । यस गाउँपालिकाका जनताहरु बढी कृषि क्षेत्रमानै आश्रीत रहेका छन् भने केही व्यपार व्यवसायमा पनी तल्लीन रहेको देखिन्छ । यस क्षेत्रमा मुख्य गरी मकै,कोदो,धान,गौउँ,जौउको खेती गरीन्छ भने मुख्य आम्दानीको श्रोतका रुपमा आलु सुन्तलालाई मानिन्छ ।

यस गाउँपालिका भित्रका बिकास योजनाहरु मध्य सडक, खानेपानी तथा सरसफाई योजनाहरु रहेका छन् । मालिका गाउँपालिका भित्रका दरबाङ,रुमका वडाहरुमा पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाले पहिलो चरणमा अधिकांश योजनाहरु सम्पन्न गरीसकेको र हाल ति योजनाहरु दिगो रुपमा संचालनका लागी पानी शुरक्षा योजना संचालन गरीएको छ भने पहिलो चणमा समेट्न नसकीएका मालिका गा.पा. २,३,४,७ वडाका केहि स्थानहरु बिम,ओखरबोट रुममा परियोजनाको दोस्रो चरणमा समेटीएको छ । हाल यस बर्षमा मालिका गा.पा. वडा नं ४ मा ६,वडा नं २ मा १ वडा नं ३ मा १ र वडा नं ७ मा १ गरी जम्मा ९ वटा योजना संचालनमा रहेकोमा ३ योजनाहरु सम्पन्न भइसकेका छन् भने ६ योजनाहरु निरन्तर संचालनमा रहेका छन् । यस क्षेत्रका वडाहरु मध्य ७ नं वडा पूर्ण सरसफाइ धोषणा भइसकेको छ भने अन्य वडाका ४६१ घरधुरी पूर्णसरसफाई घर प्रमाणीकरण गरी धोषणा भइसकेका छन् अन्य वडाहरु पनि पूर्ण सरसफाई तर्फ उन्मुख रहेको पाइन्छ ।

## २.मालिका गाउँपालिका वास इकाईको स्थापना, श्रोत साधन र निरन्तरता

स्थानिय तहमा नयाँ संरचनाको सुरुवात पछि पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरणद्धारा मिति २०७४ साल श्रावण १ गतेदेखि लागुहुने गरी परियोजनाले मालिका गाउँपालिकासंग संझौता गरेको थियो जस्मा परियोजना प्रतिनिधि,जिल्ला वास सल्लाहकार,मालिका गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकिय अधिकृत लगाएत गाउँसभाका सम्पूर्ण सदस्यहरु र वास इकाइका कर्मचारीहरुको उपस्थीतिमा परियोजना र गाउँपालिकाको तर्फबाट समझदारी पत्रमा हस्ताक्षर गरीएको थियो । साबिकका रुम ,ओखरबोट,बिम र दरबाङ्ग गा.बि.स. हाल मालिका गाउँपालिका वडा नं २,३,४,६,७ मा संचालित खानेपानी तथा सरसफाई योजनाहरु र अन्य सम्पूर्ण कार्यक्रमहरुको चालु र पूजिगत खर्चको रकम मालिका गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा पठाइएको थियो भने जि.स.स. अर्न्तरगत कार्यरत १९ जना कर्मचारीहरु मध्य ७ जनालाई मंगला गाउँपालिका र ८ जना कर्मचारीलाई मालिका गाउँपालिकामा खटाइएको थियो जसमा ३ जना वास संयोजकको पदमा २ जना वास सहजकर्ता र ३ जना खानेपानी तथा सरसफाई प्राबिधिक पदमा रहने गरीश्रावण १ देखि नै यस मालिका गाउँकार्यपालिकाको कार्यालयमा हाँजिरी हुनलाइ खटाइ निरन्तर रुपमा कार्य अगाडी बडाइएको थियो ।

## ३.मालिका गाउँपालिका वास क्षेत्र अन्तर्गत वार्षिक उपलब्धिहरू

## ३.१ मालिका गाउँपालिकामा समष्टीगत रुपमा वास क्षेत्रका वार्षिक उपलब्धिहरु

मालिका गाउँपालिकाद्धारा गत आ.व. २०७४।०७५ मा संचालित पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाबाट ताले, छ्यार छ्यारे भोम्सा र चुनारे गरी३ वटा खानेपानी तथा सरसफाई योजनाहरु संम्पन्न भई१३६ घरका ९२३ जनाले घर घरमा स्वच्छ खानेपानी उपभोग गरेका छन् भने ६ वटा खानेपानी तथा सरसफाइ योजनाहरुको दोस्रो अनुगमन तथा सार्वजनिक परिक्षण कार्य सम्पन्न गरी निर्माणको कार्य निरन्तर रुपमा अगाडी बडीरहेको छ । पहिलो चरणमा सम्पन्न गरेका ८ वटा खानेपानी तथा सरफाइ योजनाहरुमा पानी शुरक्षा कार्यक्रम लागु गरी निर्माण पश्चिातका मर्मत कार्य सम्पन्न गरीएको छ भने मालिका गा.पा.७ बिममा मालिकाथान सार्वजनीक शौचालय र मालिका गा.पा.१ निष्कोटमा निष्कोट सार्वजनिक शौचालय निर्माण गरी संचालनमा रहेकाछन् ।यस क्षेत्रमा खानेपानीका साथ साथै सरसफइ र शिप विकास र क्षेमता बृद्धिका क्रियाकलापहरु पनी संचालन गरीएको थियो जसमा १०१ क्षेमता बृद्धिका कार्यक्रम, ३१ वटा दिवसिय कार्यक्रमहरु,५४ वटा सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यक्रम, १ मर्मत संभार कार्यकर्ता तालिम,१ कर्मचारीहरुको क्षेमता बृद्धि तालिमहरु र ४६१ वटा घरमा पूर्णसरसफाई घर प्रमाणीकरण गरी परिचय पत्र बितरण जस्ता गतीविधि संचालन गरी ४२४४ जना कार्यक्रमहरुबाट लाभान्भित भएका छन् ।

## ३.२ पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजनाको सहयोगमा क्षेत्रगत रुपमा भएका उपलब्धिहरु

### ३.२.१ सरसफाई र स्वच्छता

| क्र.सं | क्रियाकलाप | कार्यक्रम सख्या | सहभागीता | कैफियत |
|---|---|---|---|---|
| १ | बिभिन्न दिवसिय कार्यक्रम संचालन( बिद्यालय,योजना,वडा र गाउँपालिका स्तरमा | ३१ | १४५४ | |
| २ | बिद्यालयहरुमा वातावरण सरसफाई र हातधुन सिकाउने अभ्यास | १५ | ७८९ | |
| ३ | वडा सिसिहरुलाई पूर्ण सरसफाइ तथा स्वच्छता सम्बन्धि अभिमुखिकरण कार्यक्रम | ७ | १७५ | |
| ४ | गाउँपालिका स्तरीय पूर्ण सरसफाई तथा स्वच्छता सम्बन्धि सामाजिक बजारीकरण कार्यक्रम | १ | ३३ | |
| ५ | गाउँ पालिका स्तरीय कर्मचारीहरुलाई पूर्ण सरसफाई तथा स्वच्छता सम्बन्धि तालिमः | १ | ३० | |
| ६ | टोल सुधार समितिहरुलाई फोहोर व्यवस्थापन तालिम | १ | २२ | |
| ७ | आमा समुह, क्लबहरु,स्वयम् सेवीका र अन्य समुहलाइ पूर्ण सरसफाइ अभिमुखिकरण कार्यक्रम | ३० | ४३६ | |

## ३.२.२ सार्बजनिक निर्माण

## iखानेपानीतथा सरसफाई योजना

| क.सं | योजनाको नाम | घरधुरी | जनसंख्या | अवस्था |
|---|---|---|---|---|
| १ | ताले खानेपानी तथा सरसफाई योजना | २३ | १३५ | सम्पन्न |
| २ | छ्यार छ्यारे भोम्सा खानेपानी तथा सरसफाइ योजना | ४३ | २६१ | सम्पन्न |
| ३ | चुनारे खानेपापनी तथा सरसफाइ योजना | ७० | ४५२ | सम्पन्न |
| ४ | बिम लिफ्ट खा.पा.थता सरसफाइ योजना | १११ | ५७० | क्रमागत |
| ५ | बन्दरमुल खा.पा.तथा सरसफा्ई योजना | ५३ | ३२० | क्रमागत |
| ६ | डील्लीखोला खा.पा.तथा सरसफाई योजना | ४० | २२२ | क्रमागत |
| ७ | जुगेपानी खा.पा. तथा सरसफाई योजना | ६९ | ४७० | क्रमागत |
| ८ | पाँझिक्नेखोला खा.पा.तथा सरसफाई योजना | ५५ | ३१७ | क्रमागत |
| ९ | ठूलोगैरा खा.पा.तथा सरसफाई योजना | ५८ | ३७० | क्रमागत |

## iiनिर्माण पश्चातको पूजीगत सहयोग

| क.सं | योजनाको नाम | पूजिगत सहयोग | श्रमदान |
|---|---|---|---|
| १ | गगनपानी खानेपानी तथा सरसफाइ योजना | १६७५८४ | २६००५ |
| २ | मालिका खानेपानी तथा सरसफाइ योजना | ६४९६५ | २४२९८ |
| ३ | तोलबाङ खानेपानी तथा सरसफाइ योजना | १८८९०५ | १५०८२९ |
| ४ | भर्याङपानी खानेपानी तथा सरसफाई योजना | ७४५७ | ७७८२ |
| ५ | विलबाङ खानेपानी तथा सरसफाइ योजना | ७४०४८ | ५६७७८ |
| ६ | दिच्याम फुलबाङ खानेपानी तथा सरसफाइ योजना | १५२०६३ | ८०५०५ |
| ७ | रुकुमपानी खानेपानी तथा सरसफाइ योजना | ७५८४४ | १३८९९७ |
| ८ | उत्तिसेन खानेपानी तथा सरसफाइ योजना | ९९५४२ | ९१३२७ |

**iii) सस्थागत शौचालय योजना :-**

| क्र.सं | बिवरण | पूजिगत खर्च | अवस्था |
|---|---|---|---|
| १ | मालिकाथान शार्वजनिक शौचालय | १३५५७४ | सम्पन्न |
| २ | निष्कोट शार्वजनिक शौचालय | ११९३४४ | सम्पन्न |

## ३.२.३ क्षमता विकास

| क्र.सं | क्रियाकलाप | कार्यक्रम संख्या | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई योजनामा चरणबद्ध तालिम सख्या | ५२ | ६७६ | |
| २ | मर्मत सम्भार कार्यकर्ता तालिम (१३ योजनाका मर्मत सम्भार कार्यकर्ताहरु | १ | २२ | |
| ३ | POCO( निर्माण पश्चात गोष्ठि,CCA,DRR | २७ | २९९ | |
| ४ | पानी शुरक्षा योजना तालिम संचालन सख्या | १८ | २५२ | |
| ५ | आर्थिक तथा लेखा व्यस्थापन वडा स्तरमा (७ योजनाहरु) | २ | २७ | |
| ६ | महिला नेतृत्व बिकास तालिम ( ९ योजनाहरु) | २ | २९ | |

## वास कार्यक्रम कार्यान्वयनका सबल पक्ष, चुनौतीहरु र सुझावहरू

**सवल पक्षहरु :-**

- उपभोक्ताहरुले स्वच्छ खानेपानी  खानुपर्छ भन्ने धारणाको बिकास भएको छ ।
- पहिलाको तुलनामा हाल व्यक्तिहरुको आनीवानीमा  परिवर्तन आइ ४६१ घरहरु पूर्णसरसफाई प्रमाणीकरण गरीसकीएकोछ ।
- पूर्ण सरसफाइका सूचकहरुबारे सचेत भई कार्यान्वयन गरेका छन् ।
- क्षेमताको बिकास गरि आयआर्जन बढाउन तिर बाखापालन,तरकारी खेती जस्ता व्यवसाय अँगालेका छन् ।

**चुनौति र सुझावहरु :-**

१. अझै पनी केही व्यक्तिमा परम्परागत धारणाहरु रहेकोले  पूर्णसरसफाइका क्रियाकलाप गर्न अफठ्यारो भएको छ ।
२.बिहान बेलुका काम गरेर मात्र हातमुख जोड्न सक्ने उपभोक्ताले योजनाका काममा धेरै जनश्रमदान गर्नुपर्दा गुनासो पोख्ने गरेको ।
३.भौगोलिक बिकटलाले गर्दा निर्माणका सामाग्री योजना स्थलमा पु-याउन गाह्रो भएको ।

## (सफलताको कथा/घटना)

### लीलमाया खत्रीले खानेपानी तथा सरसफाइ क्षेत्रमा पुर्‍याएको योगदान

### सफलताको कथा

### लिलमाया खत्रीले योजना प्रति देखाएको योगदान

लिलमाया खत्रीम्याग्दी जिल्ला गण्डकी प्रदेश मालिका गाउँपालिका वडा नं १ निष्कोटमा मिति २०३९सालमाजन्मनु भयो । उहाँ म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ४ साविक ओखरबोट गा.वि.स वडा नं ३ रुमका श्री धन बहादुर खत्रीसंग बिवाह बन्धनमा बाधिएकी उनले मालिका ४ फुलवारीलाइ आफ्नो कर्म थलो बनाउनु भयो । जिवनको पाटोमा धेरै उतार चढावसंग साइनु लगाउनु भएकी उहाँले सानैमा मातृ स्नेहबाट बञ्चित भइ सौतेनी आमा व्यहोर्दै आएकी लिलमाया आमाबाट सदाका लागी टाढा हुनुपर्‍यो । कक्षा ८ सम्म शिक्षा आर्जन गरेकी खत्रीले बैवाहिक जिवनमा पनी धेरै उतार चढावहरु व्यहोर्नु प-यो । उहाँका २ छोरी र १ छोरा रहेका छन् । सम्पतिको नाममा १ सानो घरमात्र भएको छोरा छोरीको लालनपालन र शिक्षाका लागि बाध्यताले पनी श्रीमान कुवेत जानुपरेकोले गर्दा बच्चाहरु पनी बाबाको मायाबाट टाढा रहेका छन् ।

लिलमाया भन्नुहुन्छ पहिला खानेपानीको असुविधाले गर्दा पानी लीन जाँदा पनी धेरै समय लाग्ने हुदा छोरा छोरीलाइ पढाउन फुर्शद हुदैनथीयो भने तरकारी लगाउन मन भए पनी गाग्रीमा बोकेको पानीले सम्भवनै हुनेथिएन त्यसैले प्रशस्त तरकारी खानपनी समस्या थियो । जब पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाबाट खानेपानी योजना प-योरे भन्दा एकदम खुसि भएका थियौ तर खै के कारणले हो योजना सुरुहुन झण्डै १ बर्ष लाग्यो त्यसपछि म लगाएत सबै उपभोक्ताहरु निराश भयौ । जब योजना संझौता भयो बल्ल खुसीको लहर छायो । म पनी यस चुनारे खानेपानी तथा सरसफाइ योजनाको मर्मत सम्भार कार्यकर्ता भएर काम गर्न इच्छुक भएकाले मर्मत कार्यकर्तामा छानिए तर मेरो मर्मतका काम गर्ने शिप थिएन भाग्यवस हाम्रै योजनामा मर्मतसम्भार कार्यकर्ताका लाति मर्मत सम्भार तालिम आउने भयो मेरो खुसीको सिमा रहेन । त्यसपछि म तालिममा मेहनतका साथ खटीए मेहनतको फल मिठो हुन्छ भनेझैं नभन्दै म यस तालिममा पहिला हुन सफल भए सबैबाट बधाइको पात्र र पुरस्कृत हुदा खुसिले रुन मनलाग्यो ।



म लगाएत सबै उपभोक्ताहरुले मेहनतका साथ योजनाका समपूर्ण कामका लागी जनश्रमदान ग-यौ । झण्डै २ महिलामा योजनालाइ अन्तिम चरणमा पु-



यायौ ।

उपभोक्ताहरुको भेलाको निर्णयबाट मेरो जिम्मेवारी र पारिश्रमी निर्धारण गरी मर्मत सम्भार कार्यकर्ताको नियुक्ति दिइयो । अहिले यस योजनाले गर्दा यस योजना भित्रका ७२ घरधुरीमा पूर्णसरसफाइका सूचकहरु पुरागरी पूर्णसरफाइ घरधुरी प्रमाणीकरण भएका छन् भने म जस्ता गरिव महिलाले रोजगार पनि पाँए भने सबै उपभोक्ताहरुको घर घरमा पानीका धारा चलेका छन् खेर गएको पानीबाट तरकारी खेती पनी गरेका छौं बढी भएको तरकारी बेचेर पानीको महशुल तिर्ने र केटा केटीको स्कुलको फी तीर्ने सोच राखेको छु र बच्चा बच्चीको पढाइमा पनी समय दिनपाएकी छु भन्नुहुन्छ लिलमाया खत्रीले । आफ्नो खुसी व्यक्त गदै मालिका गाउँपालिकाको कार्यालय र पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना लगाएत वासइकाइका कर्मचारीहरुलाइ धेरै धेरै धन्यवाद दिदै आगामी दिनमा पनी यस योजनाले यस्तै कामहरुको निरन्तरता दियोस् भन्नुहुन्छ लिलमाया खत्री ।

| क्षेत्र | आ.ब. २०७४/२०७५ को वार्षिक बजेट (रु. हजारमा) | | | आ.ब. २०७४/२०७५ को वार्षिक वास्तविक खर्च (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | परियोजना | गा.पा./न.पा. | जम्मा | परियोजना | गा.पा./न.पा. | जम्मा |
| **सरसफाई र स्वच्छता** | 1265000 | 45881 | 1310881 | 1064590 | 24812 | 1089402 |
| **सार्बजनिक निर्माण** | 22245000 | 3585000 | 25830000 | 22237000 | 3587440 | 25824440 |
| **क्षमता विकास** | 1534000 | 50000 | 1584000 | 1189003 | 48642 | 1237645 |
| **सेवा तथा परामर्श** | 3980000 | 123000 | 4103000 | 2930464 | 00 | 2930464 |
| शर्शत अनुदान | 100000 | 00 | 100000 | 00 | 00 | 00 |
| **कुल जम्मा** | 29124000 | 3803881 | 32927881 | 27421057 | 3660894 | 31081951 |
| | | | | | | |

## ५.२ गाउँपालिका र अन्य संघ संस्था तर्फको

| संस्था | सार्बजनिक निर्माण (रु. मा) | | सरसफाई र स्वच्छता (रु. मा) | | क्षमता विकास (रु. मा) | | जम्मा (रु. मा) | |
|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक बजेट | वार्षिक वास्तविक खर्च | वार्षिक बजेट | वार्षिक वास्तविक खर्च | वार्षिक बजेट | वार्षिक वास्तविक खर्च | वार्षिक बजेट | वार्षिक वास्तविक खर्च |
| मालिका गाउँपालिका | 3447995 | 3447995 | 200000 | 174000 | 00 | 00 | 3647995 | 3621995 |
| जिल्ला खा.पा.तथा सब डिभिजन कार्यालय | 7394700 | 7394700 | 180000 | 00 | 00 | 00 | 7574700 | 7394700 |
| सुआहारा कार्यक्रम | 00 | 00 | 600000 | 600000 | 00 | 00 | 600000 | 600000 |
| | | | | | | | | |
| | | | | | | | | |
| कुल जम्मा | | | | | | | | |

### ५.३ आ२०७५/२०७४ .व.वास कार्यक्रमको कुल

| वार्षिक बजेट | वार्षिक वास्तविक खर्च |
|---|---|
| 32927881 | 31081951 |